अर्नमा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अर्नमा, सिरहा

प्रदेश नं. २, नेपाल

प.सं. :- २०७७/०७८

च.नं. :-

मिति :- २०७७/०५/२३ गते

अर्नमा गाँउ पालिका
कार्यपालिकाको कार्यालय
अर्नमा, सिरहा जिल्ला
प्रदेश नं.२ (नेपाल)
२०७३

**विषय :- सूचना प्रवाह गरिएको सम्वन्धमा ।**

श्री सवै वडा कार्यालयहरु तथा
सम्पुर्ण विधालयहरु ,अर्नमा ।

प्रस्तुत बिषयमा त्रिभुवन विश्वविधालय, राजिष्टारको कार्यालय कीर्तिपुर , काठमाण्डौको च.नं. १९ /०७७/०७८ मिति २०७७/५/१९ को पत्र संलग्न छ । विस्तृत ब्यहोरा पत्रबाट अवगत गरी यस गाउँपालिका अन्तर्गत बसोबास गर्ने त्रिभुवन विश्वविधालयमा अध्ययनरत विधार्थी र निजहरुको अभिभावकहरुलाई अविलम्ब आफ्नो स्कुल, क्याम्पस, विभागमा सम्पर्क राख्नको लागी सुचना प्रवाह गरिएको ब्यहोरा अनुरोध छ ।

०७७/५/२३

कृष्णानन्द सिंह
प्रमुख प्रशासकीय अधिकृत

# त्रिभुवन विश्वविद्यालय
## रजिष्ट्रारको कार्यालय
कीर्तिपुर, काठमाडौं, नेपाल

पत्र संख्या : र.का.च.नं. १८ /०७७/०७८

रजिष्ट्रारको कार्यालय
त्रिभुवन विश्वविद्यालय

मिति : २०७७/५/१९

श्रीमान् सचिवज्यू
संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार काठमाडौं ।

विषय : **परिपत्र गरि दिनु हुन ।**

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) नेपालमा पनि भित्री सकेक
अवस्थामा यसले जनस्वास्थ्यमा पार्ने गम्भीर असरलाई मध्यनजर राखी गत २०७६ चैत्र ६ गते देखि त्रि.वि. म
सञ्चालन भइरहेका सम्पूर्ण पठन-पाठन तथा परीक्षाहरू स्थगन गरिएको थियो । यो महामारीलाई तुरुन
नियन्त्रणमा लिने स्थिति नरहेको परिप्रेक्षलाई आकलन गरी विश्वविद्यालयले चैत्रको तेस्रो सातादेखि नै पठन
पाठनको वैकल्पिक विधिबाट कक्षाहरू सञ्चालन गर्न आफ्ना सबै शिक्षक, कर्मचारी तथा अध्ययनर
विद्यार्थीहरूको e-mail ID तयार गर्दै अनलाइन विधिबाट पठन-पाठन सञ्चालन गरी रहेको छ । तर हालसम
पनि डीन कार्यालय, क्याम्पस, स्कूल र विभागहरु मार्फत् विभिन्न सञ्चार माध्यमबाट सम्बन्धित विद्यार्थी त
अभिभावकहरुलाई सम्पर्कका लागि प्रयास गर्दा पनि कतिपय विद्यार्थीहरू आफू अध्ययनरत विभाग त
क्याम्पसहरूको सम्पर्कमा नआएको हुँदा पठन-पाठन तथा स्थगन गरिएको परीक्षा तालिका व्यवस्थापन ग
समस्या भएको छ । अतः आ-आफ्नो स्थानीय निकायमा बसोबास गर्दै आएका त्रिभुवन विश्वविद्यालयम
अध्ययनरत विद्यार्थीहरु र निजहरुको अभिभावकहरुलाई अविलम्ब आफ्नो क्याम्पस, स्कूल, विभागमा सम्प
राख्नको सम्बन्धमा सूचना प्रवाह गरी दिनका लागि सबै स्थानीय निकायहरुमा परिपत्र गरी दिनु हुन अनुरो
गर्दछु ।

प्रा.डा.पेशल दाहाल
रजिष्ट्रार

श्री संघीय मामिला महाशाखा

तुरुन्त परिपत्र गर्नै ।